लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

प्रदेश नं. २, नेपाल

## घर नक्सा निर्माण सम्बन्धी कार्य गर्न सूचिकृत हुने बारे सूचना

प्रकाशन मिति : २०७६/११/०७

यस नगरपालिका क्षेत्रमा निर्माण हुने आवासीय तथा व्यवसायिक प्रकृतिका घरहरू निर्माण गर्नु पूर्व नगरपालिकाबाट भवन निर्माणको अनुमति लिनु पर्ने कानूनी व्यवस्था रहेको छ । उक्त घरहरूको नक्सापास गर्न नेपाल सरकारबाट स्वीकृत "बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२" अनुसार सम्बन्धित नगरपालिकामा सूचिकृत भएको परामर्शदाता संस्था तथा नेपाल ईन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको आर्किटेक वा इन्जिनियरबाट गराउनु पर्ने प्रावधान रहेकोले यस नगरपालिका क्षेत्रमा निर्माण हुने घरहरूको नक्सा बनाउने तथा पास गर्ने प्रयोजनको लागि योग्यता पुगेका इच्छुक ईन्जिनियरिङ्ग फर्म तथा इन्जिनियरहरूले यथाशीघ्र आवश्यक कागजात सहित यस नगरपालिकाको प्राविधिक शाखामा सूचिकृत हुन निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*पुनश्च : सूचिकृत हुने प्रयोजनको लागि कुनै किसिमको राजश्व लाग्ने छैन तर सूचिकृत भएको संस्था तथा इन्जिनियरबाट निर्माण भएको नक्सा पास गराउने प्रयोजनको लागि एक पटक लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७६ अनुसार तोकिएको व्यवसाय कर भने दाखिला गर्नु पर्नेछ ।*

११।६

प्रमुख प्रशासकीय अधिकृत